फोन. 081-520151,520338,525323
टोलफ्री नं. 1660 81 52052
फ्याक्स नं. 081-525109
इमेल : nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०७७/०७८
च.नं. : ४५९२

---

श्री वडा कार्यालय सबै (२३ वटै) मितिः २०७८/०१/०८

नेपालगंज उप-महानगरपालिका, बाँके ।

**बिषयः जिल्ला प्रशासन कार्यालय बाँकेबाट जारी आदेश सम्बन्धमा ।**

प्रस्तुत बिषयमा जिल्ला प्रशासन कार्यालय बाँकेको मिति २०७८/०१/०८ गतेको निर्णय यसैसाथ संगलग्न गरि पठाईएको छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत भई पत्रमा उल्लेख भएअनुसार गर्न/गराउन हुन जानकारी गराईन्छ ।

**अतः अत्यावश्यक सेवाका कर्मचारी बाहेक अन्य सबै कर्मचारीहरु On Call सम्पर्कमा रहनुहुन ।**

..............................
(हिरालाल रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, बाँके
बाँके, नेपालगंज ।

☎ ०८१-५२०१३३
०८१-५२०२५०
Fax : ०८१-५२०१०६
इमेल: cdonpj@gmail.com

मिति : २०७८।०१।०८

पत्र संख्या : ०७७।०७८
चलानी नं :

## बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण हालका दिनमा बाँके जिल्लामा तीव्र दरमा बढीरहेको र नेपालगञ्ज उपमहानगरपालिकामा मात्र आजको मितिमा ७३५ जना सक्रिय संक्रमित पुगि विरामीले अस्पतालका बेड भरिभराउ भएको अवस्थालाई गम्भीरतापूर्वक लिंदै जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०१।०७ गते बसेको बैठकको विश्लेषण एवं सिफारिसका आधारमा संक्रमण फैलावटको साङ्लो तोड्न (Chain Break गर्न) र सोको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८।०१।०६ को आदेश, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम बाँके जिल्लाको उच्च जोखिम रहेको नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभर मिति २०७८ वैशाख ८ गते राती १२ बजेदेखि वैशाख १५ गते राती १२ बजेसम्म देहाय अनुसारका अत्यावश्यक सेवा र सो का लागि प्रयोग हुने सवारी साधन वाहेक अन्य सबै प्रकारका सेवा (बैंक तथा वित्तीय संस्था समेत), सवारी साधन, पसल व्यवसाय सञ्चालन र अत्यावश्यक काम वाहेकको हिडडुलमा समेत निषेध गर्ने गरी यो आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### देहाय

#### सञ्चालन गर्न पाइने सेवा एवं कार्यहरू

स्वास्थ्य, शान्ति सुरक्षा, विद्युत, दुरसञ्चार, खानेपानी, फोहरमैला व्यवस्थापन, ग्यास, पेट्रोलियम पदार्थ, तरकारी, खाद्य तथा दुग्ध पदार्थ, औषधी पसल, बैंकको ATM सेवा जस्ता अत्यावश्यक सेवाहरू एवं सार्वजनिक निर्माण कार्य, पूर्वनिर्धारित परीक्षाहरू र हवाई सेवा।

#### सञ्चालन गर्न पाइने साधनहरू

एम्बुलेन्स, शववाहन, दमकल, झण्डावाल सवारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरू, लामो दुरीका सवारी तथा मालवाहक साधनहरू, निर्माण सामग्री ढुवानीका साधनहरू, अत्यावश्यक सेवा सञ्चालनमा खटिएका जनशक्तिले प्रयोग गरेका सवारी साधनहरू, अनुमति (पास) प्राप्त सवारी साधनहरू।

माथि उल्लिखित सेवा एवं कार्यमा संलग्न कर्मचारी/व्यक्तिहरूले अनिवार्य रूपमा कर्मचारी परिचय पत्र एवं अन्य सान्दर्भिक कागजात साथमा राखेको हुनुपर्नेछ साथै मास्क, भौतिक दुरी लगायत जनस्वास्थ्यका मापदण्डको अनिवार्य पालना गरी दैनिक उपभोग्य वस्तु (तरकारी, खाद्य, दुध, ग्यास) का पसल विहान ६ बजेदेखि ९ बजेसम्म मात्र सञ्चालन गर्न पाइनेछ।

यस आदेशको अवज्ञा वा अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारबाही हुनेछ।

शिवराम गेलाल
प्रमुख जिल्ला अधिकारी